# ....................................................उपभोक्ता समितिको
# विधान, २०७९

**<u>प्रस्तावना :</u>**

सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिकाको वडा नं. ......... मा संघीय सरकार/प्रदेश सरकार/ बलेफी गाउँपालिका/अन्य संघ संस्थाबाट आ.व. ......... को स्वीकृत ................................कार्यक्रम/आयोजना बलेफी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम .............................. उपभोक्ता समितिबाट निर्माण/मर्मत/संचालन गर्नु पर्ने भएकोले यो विधान तयार गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भः** (क) यस बिधानको नाम "....................................................... उपभोक्ता समितिको विधान, २०७९" रहनेछ ।

(ख) यो विधान बलेफी गाउँ कायपालिकाको कार्यालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(ग) कार्यक्षेत्र: सम्झौतामा उल्लेखित आयोजना/कार्यक्रमबाट लाभ प्राप्त गर्ने उपभोक्ताहरु रहेको सबै भूभाग यो उपभोक्ता समितिको कार्यक्षेत्र रहनेछ ।

**(२) परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमा,

(क) "आर्थिक वर्ष" भन्नाले हरेक बर्षको श्रावण १ गते देखि असार मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता समिति" भन्नाले "..........................................उपभोक्ता समिति" लाई सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले बलेफी गाउँ कार्यपालिकाको कार्यालय भन्ने सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समतेलाई जनाउने छ ।

(ङ) "कार्य समिति" भन्नाले ..........................................उपभोक्ता समितिबाट सम्पादन गर्नु पर्ने कार्य गर्न गठित विभिन्न समिति भन्ने सम्झनु पर्दछ।

(च) "कार्य समितिको सदस्य" भन्नाले यस बिधान बमोजिम गठित कार्य समितिको पदाधिकारीहरु सम्झनु पर्दछ ।

(छ) "कार्यविधि" भन्नाले बलेफी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ सम्झनु पर्दछ ।

(ज) “बिधान” भन्नाले “........................................................... उपभोक्ता समिति” को विधान, २०७९ लाई सम्झनु पर्दछ ।

(झ) “वडा कार्यालय” भन्नाले बलेफी गाउँपालिका भित्रको वडा कार्यालयहरु भन्ने सम्झनु पर्दछ ।

(ञ) “वडा अध्यक्ष” भन्नाले बलेफी गाउँपालिकाको ........वडाका निर्वाचित वडा अध्यक्ष भन्ने सम्झनु पर्दछ ।

(ट) “स्थानीय अधिकारी” भन्नाले बलेफी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको काम गर्ने जिम्वेवारी तोकिएको अधिकृत कर्मचारी सम्झनु पर्दछ।

(ठ) “स्थानीय तह” भन्नाले बलेफी गाउँपालिका सम्झनु पर्दछ ।

(ड) “शाखा” भन्नाले बलेफी गाउँपालिका अन्तर्गतका शाखा भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद -२

## उपभोक्ता समितिको गठन

**(३) उपभोक्ता समिति गठनः** (क) यस बिधानको प्रस्तावना अनुसारको कार्य गर्ने गरी “...................................................................उपभोक्ता समिति" नामक संस्थाको गठन गरिएको छ ।

(ख) उपभोक्ता समितिको दर्ता र सोको प्रमाणपत्रको प्राप्ति बलेफी गाउँपालकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

(ग) संस्थाको सबै काम कारवाहीको निमित्त अनुसूचीमा उल्लेख भए बमोजिमको आफ्नो छुट्टै छाप हुनेछ।

(घ) यो उपभभोक्ता समिति एक अविछिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ ।

(ङ) समितिले एउटा कृत्रिम व्यक्ति सरह सम्पूर्ण कार्य गर्न सक्नेछ ।

(च) समितिले आफ्नो कार्यक्षेत्रमा कानून बमोजिम गर्न मिल्ने निर्माणसँग सम्बन्धित सबै कार्यहरु गर्न सक्नेछ ।

**(४) समितिको कार्यालय** : यो समितिको कार्यालय सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका वडा नं................................ मा रहनेछ । तर समितिको कार्यालय स्थापना नभएकै कारणबाट समितिलाई काम गर्नबाट बञ्चित भने गरिने छैन ।

## परिच्छेद-३
## उद्देश्य

**(५) उपभोक्ता समितिको उद्देश्य :**

समितिको मूल उद्देश्य सम्झौता बमोजिमको ................................. आयोजना निर्माण/मर्मत संभार गर्ने रहेको छ । यसको अन्य उद्देश्यहरु निमनानसुसार रहेका छन् :

(क) आयोजना सञ्चालन गर्न स्थानीय श्रम, सिप तथा स्रोतको परिचालन गर्ने र गराउने ।

(ख) आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत परिचालन गर्न सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहसँग सम्पर्क राखी सहयोग जुटाउने र सोको लागि आवश्यक सम्झौता गर्ने।

(ग) आयोजना निर्माण गर्नको लागि श्रोत नपुग भएमा आर्थिक संकलन गरी नियमित रुपमा आयोजनाको सञ्चालन गर्ने, मर्मत सम्भार, निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउने ।

(घ) आयोजनालाई मितव्ययी र प्रभावकारी तरिकाले सम्पन्न गर्ने ।

(ङ) आयोजना संचालनको कार्य दिगो र गुणस्तरयुक्त तरिकाले गर्ने ।

(च) आयोजना सञ्चालनद्वारा स्थानीय रोजगारी सिर्जना गर्ने पारदर्शीता प्रवर्द्धन गर्ने र आयोजना प्रति अपनत्वको विकास गर्ने ।

**(६) उपभोक्ता समितिको सदस्यताः** (क) आयोजना कार्यान्वयन हुने प्रभावित क्षेत्र तथा आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुको आम भेला र वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीको रोहवरमा गठित अध्यक्ष लगायतका अन्य सदस्यहरु उपभोक्ता समितिका सदस्य हुनेछन् । उपभोक्ता समिति गठनमा सर्वसम्मत हुन नसकेमा उपस्थित उपभोक्ताहरुको भेलाको बहुमतबाट छनौट भएका पदाधिकारी उपभोक्ता समितिका सदस्य रहनेछन् ।

(ख) उपभोक्ता समितिमा देहायका व्यक्तिहरु सदस्य हुन सक्ने छैनन् ।

(१) नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त नगरेको व्यक्ति ।

(२) मानसिक सन्तुलन ठिक नभएको व्यक्ति ।

(३) अर्को उपभोक्ता समितिमा रहेर कार्य गरिरहेको व्यक्ति ।

(४) आयोजना प्रभावित क्षेत्र भन्दा बाहिरको व्यक्ति ।

(५) सरकारी सम्पत्ति हिनामिना गरी अभियोग लागेको व्यक्ति तथा कुनै फौजदारी अभियोगमा कानून अनुसार कसुरदार ठहरिएको व्यक्ति ।

(६) कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधि तथा लाभको पद धारण गरेको अन्य व्यक्ति ।

**(७) सदस्यता कायम नरहने :** देहायको अबस्थामा उपभोक्ता समितिको सदस्यता कायम रहने छैन

(१) ऐन कानून बिपरित कार्य गरेको पाइएमा ।

(२) उपभोक्ता समितिको निर्णयलाई पालना नगरेमा तथा आयोजना निर्माणमा अवरोध सिर्जना गरेमा।

(३) उपभोक्ता समितिको कुनैपनि सदस्यले आफ्नो स्वइच्छाले सदस्यता खारिज गरि पाउँ भनी राजीनामा दिएमा ।

(४) उपभोक्ता समितिको सदस्यको मृत्यु भएमा ।
(५) अन्य कडा रोग लागेमा ।

**(८) उपभोक्ता समितिको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार :** (क) यस कार्यविधिको दफा ६ को (क) बमोजिम गठन भएको उपभोक्ता समितिमा कम्तिमा ७ जना र अधिक्तम ११ जना सदस्य रहन सक्नेछन् ।

(ख) उपभोक्ता समिति गठन गर्दा समावेशिताको सिद्धान्त अवलम्बन गर्नुपर्नेछ । समितिमा कम्तिमा ३३% महिला सहभागिता हुनुपर्नेछ ।उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये एक जना महिला अनिवार्य रहनु पर्नेछ ।

(ग) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(घ) कम्तिमा कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको संख्या गणपुरक संख्या पुगेको मानिने छ ।

(ङ) यस बिधानमा अन्य व्यवस्था भएकोमा बाहेक बैठकको सामान्य बहुमतको आधारमा निर्णय हुन सक्नेछ ।

(च) उपभोक्ता समितिले आफ्नो कार्यविधि आफैं बनाई लागु गर्न सक्नेछ ।

**(९) उपभोक्ता समितिको बैठक :** (क) उपभोक्ता समितिको दर्ता गर्न, सरकारी तथा अन्य पक्षसँग हुने सम्झौता गर्न पठाउने व्यक्ति तोक्न, बैंक खाता खोल्ने पदाधिकारी तोक्न, कार्य सञ्चालनको लागि कार्य विभाजन गर्न, सम्पन्न कामको सार्वजनिक परीक्षणको भेला बोलाउन, खर्च अनुमोदन गर्न, भुक्तानीका लागि कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने लगायतका निर्णय गर्न समितिको बैठक अनिवार्य बस्नु पर्नेछ ।

**(१०) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार :** (क) उपभोक्ता समितिको बैठकले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) सम्झौतामा उल्लेख भए बमोजिमको परिमाण, गुणस्तर र मापदण्ड बमोजिमको कामहरु समयमै सम्पन्न गर्ने ।

(ग) संस्थाको आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।

(घ) उपभोक्ता समितिबाट संचालन गरिने चल अचल सम्पतिको रेखदेख, संरक्षण, मर्मत संभार गर्ने।

(ङ) वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयले दिएको निर्देशन पालना गर्ने ।

(च) उपभोक्ता समितिले सम्पन्न गरेका आयोजनाहरुको सम्पूर्ण सक्कल बील, भर्पाई तथा डोर हाजिर तयार गरी समितिको बैठकबाट अनुमोदन गराउने ।

(छ) सम्पन्न कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने, गराउने ।

(ज) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा तोकिएका सम्पूर्ण नियमहरु पालना गर्ने, गराउने ।

(झ) बलेफी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सम्पूर्ण कार्यहरु गर्ने ।

(ञ) आफूले निर्माण गरेको आयोजनाको नियमित मर्मत संभार गर्ने, रेखदेख गर्ने र संचालन गर्ने।

(ट) यस विधानमा उल्लेख भएका बाहेक संस्थाको उद्देश्य पुरा गर्न आइपर्ने अन्य सम्पूर्ण काम गर्ने ।

## परिच्छेद -४

## उपभोक्ता समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**(११) अध्यक्षको काम, कर्तव्य र अधिकारः-** उपभोक्ता समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उपभोक्ता समितिको वैठक बोलाउने ।

(ख) उपभोक्ता समितिको वैठकको अध्यक्षता गर्ने ।

(ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा समितिको तर्फवाट प्रतिनिधित्व गर्ने ।

(घ) उपभोक्ता समितिको तर्फवाट सरकारी तथा गैर सरकारी निकायसंग सम्झौता गर्ने।

(ङ) समितिको वैठकमा मत विभाजन गर्दा मत बरावर हुन आएमा निर्णायक मत दिने ।

(च) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने तथा आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने।

(छ) समितिको काम कारवाहीको सुपरिवेक्षण गर्ने ।

(ज) विधान अनुसार सम्पुर्ण काम गर्ने गराउने ।

(झ) समितिले गर्ने गरी सम्झौता भएका कार्यक्रमहरु तोकिएको परिमाण, गुणस्तर, मापदण्ड र समयमा सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी रहने ।

(ञ) डोर हाजिरीको नियन्त्रण गर्ने र कामदारको सही पहिचान गरी उसले गरेको कामको आधारमा मात्र डोर हाजिरी प्रमाणित गर्ने ।(गलत डोर हाजिर प्रमाणित भएमा डोर हाजिरी बापत भएको भुक्तानीको सम्पूर्ण रकमको जिम्वेवारी उपभोक्ता समितिको अध्यक्षको हुनेछ)।

**(१२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपभोक्ता समितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको अनुपस्थिमा समितिको अध्यक्ष भै अध्यक्षले गर्ने भनी तोकिएका कामहरु गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

(ग)समितिले गर्ने गरी सम्झौता भएका कार्यक्रमहरु तोकिएको परिमाण, गुणस्तर, मापदण्ड र समयमा सम्पन्न गर्ने ।

**(१३) सचिवको काम, कर्तव्य र अधिकारः** उपभोक्ता समितिका सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको निर्देशन अनुरुप उपभोक्ता समितिको बैठक बोलाउने ।

(ख) बैठकमा आयोजनाको प्रतिवेदन पेश गर्ने र निर्णय अभिलेख राख्ने।

(ग) पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

(घ) उपभोक्ता समितिको कार्यालय स्थापना भएको भए कार्यालय सञ्चालन गर्ने ।

(ङ) कार्यको वित्तीय र भौतिक प्रतिवेदन तयार गर्ने ।

(च) समितिले गर्ने गरी सम्झौता भएका कार्यक्रमहरु तोकिएको परिमाण, गुणस्तर, मापदण्ड र समयमा सम्पन्न गर्ने ।

(च) उपभोक्ता समितिले कामदारबाट काम गराएको भए सोको डोर हाजिरी राखी प्रमाणितको लागि उपभोक्ता समितिका अध्यक्ष समक्ष सिफारिस गर्ने ।

**(१४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपभोक्ता समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

(ख) साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) समितिको लेखा दुरुस्त राख्ने ।

(घ) समितिले गर्ने गरी सम्झौता भएका कार्यक्रमहरु तोकिएको परिमाण, गुणस्तर, मापदण्ड र समयमा सम्पन्न गर्ने ।

(ङ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने ।

(च) उपभोक्ता समितिले कामदारबाट काम गराएको भए सोको डोर हाजिरी अनुसारको रकम भुक्तानी दिने ।

**(१५) सदस्यको काम, कर्तव्य र अधिकारः** उपभोक्ता समितिका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग) समितिले गर्ने गरी सम्झौता भएका कार्यक्रमहरु तोकिएको परिमाण, गुणस्तर, मापदण्ड र समयमा सम्पन्न गर्ने ।

(घ) उपभोक्ता समितिको बैठकले निर्णय गरी तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

**(१६) आर्थिक श्रोतः** उपभोक्ता समितिलाई प्राप्त हुने आर्थिक स्रोत देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाबाट प्राप्त हुने सम्झौतामा तोकिएको नगद रकम ।

(ख) उपभोक्ता समितिबाट आयोजना सञ्चालनको लागि लागत सहभागिता गर्न तोकिएको रकम ।

(ग) सरकारी र गैर सरकारी संघ संस्था तथा अन्य व्यक्तिबाट प्राप्त हुने रकम।

**(१७) कोष सञ्चालन :** (१) उपभोक्ता समितिको नाममा एक छुट्टै कोष हुनेछ, जसमा देहायको रकम जम्मा हुनेछ ।

(क) दफा १६ बमोजिमको रकम ।

(ख) स्थानीय सरकार/प्रदेश सरकार/संघीय सरकार लगायत विभिन्न संघ संस्थाबाट मर्मत संभार गर्न प्राप्त अनुदान रकम ।

(ग) उपभोक्ता समितिले निर्णय गरी तोकेको सेवा शुल्कबाट प्राप्त रकम ।

(२) उपभोक्ता समितिले तोकेको बैंकमा उपभोक्ता समितिको एउटा खाता रहनेछ । त्यस्तो बैंक खाता उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

त्यसरी तोकिएका पदाधिकारीहरु मध्ये कसैको मृत्यु भएमा वा अन्यत्र बसाँइसरी गएमा वा शारिरीक वा मानसिक रुपमा अशक्त भएमा उपभोक्ता समितिको बैठकको दुई तिहाइ बहुमतको निर्णयबाट रिक्त स्थान पदपूर्ति सकिनेछ।

**(१८) उपभोक्ता समितिको लेखा, लेखापरीक्षण र सार्वजनिक परीक्षण :** (क) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(ख) समितिको लेखापरीक्षण कानून बमोजिम रजिष्टर्ड लेखपरीक्षकबाट हुनेछ ।

(ग) बलेफी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा वा आयोजनासंग सम्बन्धित नियमनकारी निकायले चाहेमा जुनसुकै वखत समितिको हिसाब किताब जाँच हुन सक्नेछ।

(घ) उपभोक्ता समितिले समितिबाट संचालन भएको आयोजना सम्पन्न भए पश्चात जनप्रतिनिधि एवं सरोकारवाला व्यक्तिहरुको रोहवरमा उपभोक्ताहरुको आम भेला गरी सार्वजनिक परिक्षण गर्नुपर्नेछ।

## परिच्छेद - ७

## विविध

**(१९) उपभोक्ता समितिको निरन्तरता तथा विघटनः** (क) यो उपभोक्ता समिति अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्थाको रुपमा रहनेछ ।

(ख) यस समितिबाट निर्माण भएका योजनाहरुको मर्मत संभार, संरक्षण तथा रेखदेखको लागि समितिको निरन्तरता रही रहनेछ ।

(ग) उपभोक्ता समितिले गैर कानूनी काम गरेको पाइएमा समिति विघटन गर्ने अधिकार गाउँ कार्यपालिकाको कार्यालयलाई रहनेछ ।

(घ) समिति विघटन भएको अवस्थामा समितिको दायित्व, चल अचल सम्पत्ति कानून अनुसार हुनेछ।

**(२०) कार्य गर्ने प्रतिबद्धताः** हामी ............................................ उपभोक्ता समितिका सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न पदाधिकारीको रोहवरमा यो विधानमा सहीछाप गर्दछौं :

| **क्र.सं.** | **पद** | **पदाधिकारीको नाम** | **ठेगाना** | **नागरिकता नं.** | **हस्ताक्षर** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | | |
| २ | उपाध्यक्ष | | | | | |
| ३ | सचिव | | | | | |
| ४ | कोषाध्यक्ष | | | | | |
| ५ | सदस्य | | | | | |
| ६ | सदस्य | | | | | |
| ७ | सदस्य | | | | | |
| ८ | सदस्य | | | | | |
| ९ | सदस्य | | | | | |
| १० | सदस्य | | | | | |
| ११ | सदस्य | | | | | |

**रोहवरमा रहनेको दस्तखतः**

**नामः**

**पदः**

नोटः रोहवरमा निर्वाचित जन प्रतिनिधि वा गाउँपालिकामा कार्यरत कर्मचारी रहन सक्नेछन् ।

**अनुसूची**

(दफा ३ को (ग) सँग सम्बन्धित)

**उपभोक्ता समितिको छाप**

**उपभोक्ता समितिको छाप देहाय बमोजिम हुनेछ :**